# सोलुदुधकुण्ड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, सोलुखुम्बु

## विनियोजन विधेयक

सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बुको आर्थिक बर्ष २०८३/ ८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

सभामा पेश भएको मिति : २०८३/०३/१०

**प्रस्तावना :**

सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बुको आर्थिक बर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बुको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बुको विनियोजन ऐन, २०८३" रहेको छ । (२) यो ऐन २०८३ श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. <u>आर्थिक वर्ष २०८३/ ८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :</u>

(१) आर्थिक वर्ष २०८३/ ८४ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च रकम रु. ५१,१२,२८,९९५/ (अक्षेरुपी एकाउन्न करोड बाह्र लाख अठ्ठाईस हजार नौ सय पन्चनव्वे) र पूँजिगत खर्च रकम रु.३४,८२,९५,०००/- (अक्षेरुपी चौतिस करोड बयासी लाख पन्चानव्वे हजार मात्र) गरी जम्मा रकम रु. ८५,९५,२३,९९५/- (अक्षेरुपी पचासी करोड पन्चानव्वे लाख तेईस हजार नौ सय पन्चानव्वे मात्र) मा नबढाई निर्दिष्ट गरिएबमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

(२) <u>विनियोजन :</u>(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/ ८४ को निमित्त सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बुको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

अनुसुची १

राजस्व तथा अनुदान प्राप्तिको अनुमान

आ.व. : २०८३/ ८४

| क्र.स. | शीर्षक | आ.व. २०८३/८४ को अनुमान |
|---|---|---|
| | संघीय सरकारवाट प्राप्त हुने | |
| १. | समानिकरण अनुदान | १४,५५,००,००० |
| २. | राजश्व वाँडफाँट | ११,६६,८६,००० |
| ३. | शसर्त अनुदान चालु | ३३,९८,००,००० |
| ४. | शसर्त अनुदान पुँजीगत | ४३,००,००० |
| ५. | विषेश अनुदान पुँजीगत | १,४०,००,००० |
| ६. | समपुरक कोष | ७०,००,००० |
| | क - संघीय सरकारवाट प्राप्त हुने जम्मा | ६२,७२,८६,००० |
| १. | प्रदेश सरकार सरकारवाट प्राप्त हुने | |
| २. | समानिकरण अनुदान | १,३०,४९,००० |
| ३. | शसर्त अनुदान चालु | ९४,२८,००० |
| ४. | शसर्त अनुदान पुँजीगत | १,९०,००,००० |
| ५. | समपुरक अनुदान पूँजीगत | १,००,०००,०० |
| ६. | सवारी कर राजश्व वाँडफाँट | १,१५,४०,४५३ |
| | ख - प्रदेश सरकारवाट प्राप्त हुने जम्मा | ६,३०,१७,४५३ |
| | आन्तरिक श्रोत तर्फ प्राप्त हुने | |
| १. | भुमिकर/मालपोत | ४०,००,००० |
| २. | घरवहाल कर | २५,००,००० |
| ३. | वहाल विटौरी कर | ४००,००० |
| ४. | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ३,००,००० |
| ५. | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १०,००,००० |
| ६. | विद्युत सेवा शुल्क | ३,००,००० |
| ७. | अन्य सेवा शुल्क तथा बिक्री | ११,००,००० |
| ८. | न्यायिक दस्तूर | १०,००० |
| ९. | परीक्षा शुल्क | ७०,००० |
| १०. | नक्सापास दस्तुर | १०,००,००० |
| ११. | सिफारिश दस्तुर | ३३,००,००० |

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| १२. | व्यक्तिगत घटना दर्ता दस्तुर | ५,००,००० |
| १३. | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १०,००,००० |
| १४. | रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ३०,००० |
| १५. | वन क्षेत्रको आय | ४५,००,००० |
| १६. | न्यायिक दण्ड, जरिवाना र जफत | १,००० |
| १७. | फोहोर मैला संकलन शुल्क | १०,००,००० |
| १८. | अन्य क्षेत्रको आय | ७०,००,००० |
| १९. | कवाडी जन्य वस्तु संकलन शुल्क | ५,००,००० |
| २१. | वेरुजु | १००० |
| २०. | सडक वोर्ड | ३०,००,००० |
| २२. | जिल्ला समन्वय समिति नगरपालिका प्रशासनिक भवन साझेदारी | ४५,००,००० |
| २३. | जिल्ला समन्वय समिति तामाखानी स्वास्थ्य चौकी भवनसाझेदारी | ५०,००,००० |
| २४. | जिल्ला समन्वय समिति वडा नं ७ को वडा कार्यालय भवन साझेदारी | ८०,००,००० |
| २५. | सोलु च्याम कृषी तथा फोहोर मैला व्यवस्थापन साझेदारी | ५०,००,००० |
| २६. | आशा आशाको पाइला नेपाल तिंगला स्वास्थ्य चौकी साझेदारी | ३०,००,००० |
| | **ग - आन्तरीक स्रोत तर्फको जम्मा आम्दानी** | **८,५५,२४,०००** |
| | **घ - संघीय राजस्व बाँडफाँडबाट प्राप्त रकम** | |
| १. | बाँडफाँड भई प्राप्त हुने वन रोयल्टी | ३५,००० |
| २. | बाँडफाँड भई प्राप्त हुने विद्युत सम्बन्धी रोयल्टी | १,५५,००,००० |
| ३. | बाँडफाँड भई प्राप्त हुने पर्वतारोहण रोयल्टी | १,७५,४१,३४२ |
| | **घ - संघीय राजश्व वाँडफाँट तर्फको जम्मा आम्दानी** | **३,३०,७६,३४२** |
| | **ङ- स्थानीय राजश्व वाँडफाँट** | |
| १. | वाँडफाँटवाट प्राप्त घर जग्गा रजिष्ट्रेशन | १,००,२०,००० |
| २. | वाँडफाँटवाट प्राप्त ढुंगा ,गिट्टी ,वालुवा वापतको कर | १,३५,००,००० |
| | **ङ - स्थानीय राजश्व वाँडफाँट तर्फको जम्माआम्दानी** | **२,३५,२०,०००** |
| | **च-अगामी आ.वमा वचत हुने** | **२,७१,००,०००** |
| | **कुल जम्मा आम्दानी क+ख+ग+घ+ङ+च** | **८५,९५,२३,९९५** |

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

| आ.व. २०८२/ ८३ को सोलुदुधकुण्ड नगरपालिकाको चालु तर्फको वजेट | |
|---|---|
| शीर्षक | विनीयोजित वजेट |
| संघीय शसर्त अनुदान तर्फ | |
| शिक्षा तर्फ | २७,६९,००,००० |
| स्वास्थ्य तर्फ | ५,१३,००,००० |
| कृषी तर्फ | ७,००,००० |
| पशु तर्फ | १३,००,००० |
| रोजगार तर्फ | २२,००,००० |
| लघु उद्यम तर्फ | ११,००,००० |
| राष्ट्रिय परिचयपत्र तथा पंजीकरण कार्यक्रम तथा अन्य | ६३,००,००० |
| १. सघीय शसर्त चालु तर्फको जम्मा | ३३,९८,००,००० |
| २ .संघीय राजश्व तर्फ पदाधकिारी सुविधा ,कर्मचारी तलव भत्ता तथा प्रशासनीक खर्च र अन्य चालु प्रकृतिका खर्चहरु | १५,४३,००,९९५ |
| ४. प्रदेश सशर्त | ९४,२८,००० |
| ५. वडा तर्फको प्रशासनिक खर्च | ७७,००,००० |
| कुल जम्मा चालु तर्फ खर्च रकम रु. | ५१,१२,२८,९९५ |

| आ.व २०८२/८३ को सोलुदुधकुण्ड नगरपालिकाको पूजीगत तर्फको वजेट | |
|---|---|
| शीर्षक | विनीयोजित वजेट |
| संघीय सरकार शसर्त | ४३,००,००० |
| संघीय समपुरक अनुदान | ७०,००,००० |
| संघीय विशेष अनुदान | १,४०,००,००० |
| प्रदेश समपुरक | १,००,०००,०० |
| प्रदेश शसर्त | १,९०,००,००० |
| वडा तर्फको पूँजीगत योजना | ५,५०,००,००० |
| नगरस्तरीय योजना तर्फ | २३,८९,९५,००० |
| पूँजीगत तर्फको जम्मा खर्च रकम रु. | ३४,८२,९५,००० |
| चालु र पूँजीगत तर्फको कुल खर्च रकम रु. | ८५,९५,२३,९९५ |

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल